पत्र ६ ५८६

राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३७९/२०७१/०७२

निर्णय नं. ७९८

बाँके जिल्ला नेपालगञ्ज उपमहानगरपालिका वडा नं. १६ बस्ने अर्जुनप्रसाद जैसी..............१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, नेपालगञ्ज उपमहानगरपालिका कार्यालय, बाँके....................................१ विपक्षी
सूचना अधिकारी, नेपालगञ्ज उपमहानगरपालिका कार्यालय, बाँके...... ..............................१

विषय :- सूचना दिनू भनिएकामा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

बाँके जिल्ला नेपालगञ्ज उपमहानगरपालिका वडा नं. १६ बस्ने अर्जुनप्रसाद जैसीले नेपालगञ्ज उपमहानगरपालिका कार्यालय, बाँके समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०१।२० मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०४।२९ को आदेश बमोजिम आयोगको मिति २०७२।०४।२९ च.नं. २६ को पत्रबाट नेपालगञ्ज उपमहानगरपालिका कार्यालय, बाँकेलाई सूचना उपलब्ध गराउन लेखी गएको । उक्त पत्राचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्बत् २०७३ बैशाख ५ गते रोज १ शुभम्